# मलंगवा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
मलंगवा,सर्लाही
मधेश प्रदेश,नेपाल

प्रथम पटक प्रकाशित मिति :-२०७९।०७।२४

सुचना । सुचना॥ सुचना ॥।

## गँहुको वीउ दरभाउपत्र पेशगर्ने सम्बन्धमा ।

यस नगरपालिका अन्तर्गत रहेको कृषिशाखाको आ.ब. २०७९।०८० को लागी सधिय सरकारबाट हस्तान्तरित कार्यकम मध्ये "खाधान्न बालिको उन्नतवीउ उपयोगमा मुल्य अनुदान"कार्यकमअन्तर्गत कृषकहरु लाई अनुदानमा वीउ बिकि वितरण गर्नु पर्ने भएकोले तपसिलमा उलेखित वीउहरु दर भाउ आवश्यक परेको हुदा १५ दिनभित्र खाम शिलबन्दी गरी आवश्यक पर्ने तपसिलमा उल्लेख भएका सिलवन्दी दरभाउ पत्रको माध्यमद्धारा खरिद गर्नको लागी यो दरभाउ पत्र आव्हान गरिएको छ ।

**तपसिल**

१. प्रथम पटक सुचना प्रकासित भएको मिति :१५ औ दिनको कार्यालय समय भित्र रु. १,०००।- (अक्षरेपी एक हजार रुपैया मात्र) फिर्ता नहुने गरी छुटटा छुटटै नगद बुझाएको सक्कल नगदी रसिद निवेदन साथ संलग्न राखी कार्यालय समयभित्र दरभाउ पत्र खरिद गर्न सकिनेछ । दरभाउ पत्र खरिद गर्नको लागी निवेदकले आ.व.०७९।०८० का लागी नविकरण गरिएको सम्बन्धित विउ विजन विकी ईजाजत प्रमाणपत्र प्राप्त कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाण पत्र तथा भ्याट दर्ता प्रमाण पत्र को प्रमाणित प्रतिलिपि र आ.व. २०७८।०७९ को कर चुक्ता गरेको प्रमाण को साथै आवश्यक कागजातका प्रतिलिपिहरु संलग्न राखी दरभाउ पत्र फारम खरिद गर्न निवेदनसाथ पेश गर्नु पर्नेछ ।

२. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र दरभाउ पत्र खरिद गरी १६ औ दिनको १२:०० बजे भित्र खरिद गरेको दरभाउ पत्र रितपूर्वक भरी यस नगरपालिकाको कार्यालय मलंगवा, सर्लाहीमा सिलबन्दी गरी दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएको दरभाउ पत्रहरु १६ औं दिनको २ :०० बजे दरभाउ पत्रदाता वा निजको प्रतिनिधिहरुको रोवहरमा यस कार्यालयमा खोलिनेछ । दरभाउ पत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्ने गएको सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

३. शिलबन्दी दरभाउ पत्र दर्ता गर्दा जमानत वापतको रकम रु.६०,०००। सूचना अनुसारको (अक्षेरेपी रु. साठी हजार मात्र)का दरले मलंगवा नगरपालिकाको नाममा रहेको नेपाल बैंक लिमिटेड मलंगवामा रहेको धरौती खाता नं. ०२९०३०००००३००००००००२ दाखिला गरेको सक्कलै बैंक भौचर कम्तीमा दरभाउपत्रको सूचनाको अन्तिम दिनबाट १२० दिन म्याद भएको मान्यता प्राप्त बैंक ग्यारेन्टी दरभाउपत्र साथ पेश गर्नुपर्ने । दरभाउ पत्रदाताको दरभाउ पत्र स्वीकृत भएपछी स्वीकृत अंकको सार्वजनिक खरिद ऐन अनुसारको रकम समभ्फौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको परफरमेन्स बण्ड पेश गर्नु पर्नेछ र नगद धरौटी राखिएकोमा परफमेन्स बण्डमा परिवर्तन गर्न पाइने छैन ।

४. दरभाउ पत्र दताले कवोल गरेको प्रत्येक आईटमको दररेटलाई अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईने छ । दरभाउ पत्रमा केरमेट भएको ठाउँमा सहीछाप गरेको हुनु पर्ने छ ।

५. नगरपालिकाको हितमा ध्यानमा राखी प्राप्त हुन आएका दरभाउ पत्र पूर्ण वा आंशिक स्वीकार वा रद्द गर्ने जस्ता सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । साथै दरभाउ पत्रमा उल्लेख भएका तपसिलका समानहरुको परिमाण थपघट हुन सक्नेछ । यसरी थपघट भएता पनि दरभाउ पत्रदाताले कवोल गरेकै दररेटमा उपलब्ध गराउनु पर्नेछ ।

६. स्वीकृत दरभाउ पत्र अनुसारको सामानहरु एकमुष्ठ वा आवश्यक अनुसार फरक फरक अर्डर दिई खरिद गरिने छ । साथै सप्लाई गरिने गहुंको विउ उच्च गुणस्तर भएको हुनुपर्दछ । साथै छनौट भई सम्फौता भएका संस्थावाट तोकिए वमोजिम वितरण भएका विल वमोजिम ५० प्रतिशत नगरपालिकावाट र ५० प्रतिशत कृषक श्वयंमवाट भुक्तानी लिनु पर्ने छ ।

७. रीत नपुगेको दरभाउ पत्र उपर कुनै कारवाही गरिने छैन ।

८. कार्यालयमा आपूर्ति गर्ने गहुंको विउ दरभाउ पत्रदाताले ढुवानी दरभाउ पत्रदाता स्वयंले व्यहोर्नु पर्ने छ ।

९ .दरभाउ पत्र फारममा प्रत्येक सामानको आइटमवाईज दररेट अनिवार्य रुपले भर्नुपर्ने छ ।

१०. सप्लाई गहुंको विउ नेपाल सरकारवाट तोकिएको मापदण्ड अनुसार उन्नतजातको हुनुपर्नेछ

११. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४०(ड) अनुसार दरभाउ पत्रदाताले कानुनी रुपमा अयोग्य छैन भनी लिखित रुपमा गरेको घोषणापत्र दरभाउ पत्रसाथ पेश गर्नुपर्नेछ ।

१२. उपरोक्त शर्त वाहेक यसमा नपरेका शर्तहरुमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित ऐन नियम वमोजिम हुनेछ । दरभाउ पत्र सम्वन्धि अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।

१३. खरिद गरीने गहुंको विउको लागत अनुमान तपसिल अनुसार रहेको छ ।

तपसिल

| बिज्ञापन नं. | सि.नं. | बाली | जात | लागत अनुमान रु. | कैफियत |
|---|---|---|---|---|---|
| ००१।०७९।०८० | १ | गहुं | विजय ,एन एल ९७१ हुनु पर्ने छ । | १९,९०,०००॥ | |

गेहनाथ गौतम
प्रमुख प्रशासकीय अधिकृत